# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः ०८ जून २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

**१.** पश्चिम बंगालमा आजदेखि प्रधान मन्त्री जन आरोग्य योजना लागू भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ - अन्त्योदयको भावनाबाट प्रेरित गरिबहरूको कल्याण विगत 12 वर्षदेखि सरकारको नीतिहरूको आधार रहेको छ।

**३.** पश्चिम बंगालकी महिला, बाल विकास तथा सामाजिक कल्याण मन्त्री अग्निमित्रा पलले आज दार्जिलिङ र मिरिकको भ्रमण गर्नुभयो। उहाँको नेतृत्वमा आँगनवाडी केन्द्रहरूलाई सुधार गरी आधुनिक सुविधासम्पन्न बनाइने र बालबालिकाहरूको विकास केन्द्रका रूपमा रूपान्तरण गरिने |

**४.** लोक प्रसारकको रूपमा आकाशवाणीको भरोसा र जनसेवा को आज गौरवशाली 90 वर्ष पूरा भईरहेको छ।

**५.** पश्चिम बंगाल **पुलिसले तृणमूल कांग्रेसका दबंग नेता जहांगीर खानलाई आज** बिहान नेपाल सीमाबाट पक्राउ गरेको छ।

**पश्चिम बंगाल - प्रधानमन्त्री - जय**

पश्चिम बंगालमा आयुष्मान भारत प्रधान मन्त्री जन आरोग्य योजना लागू गर्ने देशका 36 राज्य र केन्द्र शासित प्रदेशहरूको सूचीमा सामेल भएको छ। यस योजनाले पात्र लाभार्थीहरूलाई माध्यमिक र तृतीयक स्तरको अस्पताल भर्नाको लागि प्रति परिवार प्रति वर्ष 5 लाख रुपियाँसम्मको स्वास्थ्य बीमा प्रदान गर्दछ। राष्ट्रिय स्वास्थ्य प्राधिकरण र पश्चिम बंगाल सरकारले राज्यमा यो योजना कार्यान्वयनका लागि आज नयाँ दिल्लीमा एक समझौता ज्ञापनमा हस्ताक्षर गरे।केन्द्रीय स्वास्थ्य मन्त्री जे.पी. नड्डा र पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको उपस्थितिमा सम्झौता ज्ञापनमा हस्ताक्षर गरियो । आफ्नो सम्बोधनमा, श्री नड्डाले भने, आयुष्मान भारत विश्वको सबैभन्दा ठूलो स्वास्थ्य कभरेज योजना हो। उहाँले यस योजना अन्तर्गत राज्यका जनतालाई स्वास्थ्य सुविधाबाट वञ्चित गरेकोमा तत्कालीन तृणमूल सरकारको आलोचना गर्नुभयो।श्री अधिकारीले भन्नुभयो, आयुष्मान भारत योजनाले पश्चिम बंगालका जनतालाई राज्य बाहिर बसोबास गरे पनि लाभान्वित गर्नेछ।

**बाईट**

पश्चिम बंगालमा आयुष्मान भारत योजनाको कार्यान्वयनले राज्यका लाखौं पात्र लाभार्थीहरूलाई स्वास्थ्य सम्बन्धी भारी खर्चको विरुद्धमा आर्थिक सुरक्षा प्रदान गर्नेछ।यसले गुणस्तरीय र किफायती स्वास्थ्य सेवामा पहुँच बढाउनेछ र राज्यको स्वास्थ्य सेवा प्रणालीलाई बलियो बनाउनेछ। यो उपलब्धि देशभरिका सबै नागरिकहरूको लागि समान र पहुँचयोग्य स्वास्थ्य सेवा प्राप्त गर्ने दिशामा एक महत्वपूर्ण कोशेढुङ्गा हो।यस योजना अन्तर्गत 36 हजारभन्दा बढी सरकारी तथा निजी अस्पतालहरू सूचीबद्ध छन् र हालसम्म देशभरि 44 करोडभन्दा बढी आयुष्मान कार्ड जारी गरिएको छ।यसको सुरुवातदेखि नै, यो योजना भारतमा स्वास्थ्य सेवा परिवर्तनको आधारशिलाको रूपमा देखा परेको छ, जसले व्यक्तिगत खर्चमा कमी आएको छ र सूचीबद्ध सार्वजनिक तथा निजी र अस्पतालहरूको विशाल नेटवर्कको माध्यमले गुणस्तरीय उपचारमा पहुँच सुधार गर्दै आएको छ।

**प्रधानमन्त्री- गरीब कल्याण**

प्रधानमन्त्री नरेन्द्र मोदीले गरिबहरूको हितका लागि सरकारको 12 वर्षको विकास यात्रालाई रेखाङ्कित गर्नुभयो। आज सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भन्नुभयो कि यस अवधिमा देश धेरै परिवर्तनहरूको साक्षी बनेको छ र गरिब कल्याण र विपन्न वर्ग यी परिवर्तनहरूको केन्द्रमा रहेको छ। प्रधानमन्त्रीले भन्नुभयो कि जन धन खाता, प्रत्यक्ष लाभ हस्तान्तरण, स्वच्छ भारत अभियान, प्रधानमन्त्री आवास योजना, जल जीवन मिशन, र आयुष्मान भारत जस्ता हरेक पहलको उद्देश्य जनताका लागि

गरिमा र अवसर सुनिश्चित गर्नु हो। गरिबहरूको जीवनस्तर सुधार गर्नका लागि प्रौद्योगिकीले महत्त्वपूर्ण भूमिका खेलेको छ।

## पश्चिम बंगाल-बांग्लादेश

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभएको छ राज्यका सीमावर्ती जिल्लाहरूमा रहेका हिरासत केन्द्रहरूबाट लगभग 48 सय अवैध प्रवासीहरूलाई बंगलादेश पठाइएको छ र यी केन्द्रहरूबाट 836 व्यक्तिहरुको प्रत्यर्पण हुनेछ।मुख्यमन्त्रीले अवैध आप्रवासन एक गम्भीर समस्या भएको र उहाँको सरकारले भारत-बंगलादेश सीमा सुरक्षित गर्न आवश्यक पर्ने 556 किलोमिटर बार मध्ये लगभग 100 किलोमिटर बार लगाउनका लागि बीएसएफलाई जमीन हस्तान्तरण गरेको बताउनुभयो।

*अधिकारीले भन्नुभयो उहाँको सरकारले केन्द्र सरकारको कानून अनुसार नागरिकता संशोधन अधिनियमको दायरा भित्र नपर्ने अवैध प्रवासीहरूलाई प्रत्यर्पित गर्न थालेको छ।अवैध प्रवासीहरूलाई सिधै बीएसएफलाई सुपुर्द गरिन्दैछ।अधिकारीले आरोप लगाउँदै भन्नुभयो पूर्व टीएमसी सरकारले राज्यमा जनगणनाको कार्य सुरु गरेको थिएन। भाजपा सरकारले जनगणनाको काम सुरु गरेको छ।राज्यमा 1 देखि 15 अगस्त सम्म, घर-घर गएर जनगणनाको लागि सर्वेक्षण गरिनेछ।उहाँले भन्नुभयो सरकारले अन्नपूर्ण योजना अन्तर्गत राज्यका 50 लाख महिलालाई तीन हजार रुपियाँ प्रति महिला हस्तान्तरण गरेको छ।***तृणमूल कांग्रेस-सांसद इस्तीफा*** *तृणमूल कांग्रेसका राज्यसभा सांसद सुखेन्दु शेखर रायले सांसद पद र पार्टीको प्राथमिक सदस्यताबाट राजीनामा दिन भएको छ।श्री रोयले एक प्रेस नोटमा, तृणमूल कांग्रेसलाई भ्रष्टाचार, महिला विरुद्ध हिंसा तथा शिक्षा, स्वास्थ्य, उद्योग, रोजगार र कानून व्यवस्थामा विफलताको आरोप लगाउनुभयो।उहाँले भन्नु भयो हालैका चुनावहरूमा मतदाताहरूले 15 वर्षदेखि राज्यमा सत्तामा रहेको तृणमूल कांग्रेसप्रति स्पष्ट रूपमा अविश्वास व्यक्त गरेका छन्।*

## अग्निमित्रा पाल दार्जिलिङ मिरिक भ्रमण

पश्चिम बंगालकी महिला, बाल विकास तथा सामाजिक कल्याण मन्त्री अग्निमित्रा पालले आज दार्जिलिङ र मिरिकको भ्रमण गर्नुभयो। दार्जिलिङमा उहाँले सांसद राजु विष्टका साथ विभिन्न क्षेत्रहरूको भ्रमण गर्नुभयो र जारी विकास कार्यहरुको समीक्षा गर्नुभयो। भ्रमणको क्रममा मन्त्रीले जल परियोजना पेयजल आपूर्ति व्यवस्था र अन्य नागरिक सुविधाहरूसित सम्बन्धित कार्यहरूको प्रगतिको विशेष समीक्षा गर्नुभयो। यसबाहेक उहाँले दार्जिलिङमा निर्माणाधीन सिन्चेल लेकको पनि निरीक्षण गर्नुभयो, जहाँ जल संरक्षणको व्यवस्था विकसित गरिन्दै छ।

मन्त्रीले स्थानीय बासिन्दाहरूसित अन्तरक्रिया गर्नुभयो,यस अवधि मानिसहरुले पेयजल समेत कैयन आधारभूत समस्याहरू मन्त्री समक्ष प्रस्तुत गरे। मन्त्री अग्निमित्र पालले समस्याहरू ध्यानपूर्वक सुन्दै त्वरित समाधानको आश्वासन दिनु भएको छ। त्यसपछि उहाँ मिरिक पुग्नुभयो, जहाँ स्थानीय मानिसहरूले उहाँको भब्य स्वागत गरे। उहाँले त्यहाँको स्थितिको निरीक्षण गर्नुभयो र विकास कार्य बारे अधिकारीहरूसित चर्चा गर्नुभयो ।

मन्त्री अग्निमित्र पालले दार्जिलिङ पहाडमा पिउने पानीको समस्या चाँडै समाधान गर्न ठोस कदम चालिन्दै छ भन्नुभयो। उहाँले पहाडी क्षेत्रमा कतै पनि अवैध निर्माण वा गैरकानूनी बहुतले भवन भेटिएमा पहिचान गरी नोटिस जारी गरिने चेतावनी समेत दिनुभएको छ। नियम पालना नगरेमा कडा कानुनी कारबाही गरिनेछ र त्यस्ता निर्माणलाई ध्वस्त गरिनेछ।

## मन्त्री अग्निमित्र पल

पश्चिम बंगालकी मन्त्री अग्निमित्र पल आफ्नो दुई दिने दार्जिलिङ भ्रमणको क्रममा आज लुङथामस्थित आँगनवाडी केन्द्रको निरीक्षणमा पुगनु भएको थियो। उहाँको साथमा सांसद राजु विष्ट लगायत अन्य जनप्रतिनिधिहरू पनि उपस्थित थिए। यस अवसरमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै सांसद राजु विष्टले मुख्यमन्त्री शुभेन्दु अधिकारीले दार्जिलिङ, तराई अनि डुवर्सलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै सरकार गठन भएको एक महिनाभित्रै पहाडलाई लिएर सकारात्मक घोषणाहरू भएको बताउनु भयो। सांसद श्री विष्टले मुख्यमन्त्री शुभेन्दु अधिकारीको मार्गदर्शन तथा अग्निमित्र पलको नेतृत्वमा आँगनवाडी केन्द्रहरूलाई सुधार गरी आधुनिक सुविधासम्पन्न बनाइने र बालबालिका तथा नयाँ अभिभावकहरूको समग्र विकास केन्द्रका रूपमा रूपान्तरण गरिने योजना रहेको बताउनु भयो।

उहाँले हिजो मात्र सरकारले दार्जिलिङ, खरसाङ, कालेबुङ र सिलगढीलाई “हिमालयन सिटी” बनाउने घोषणा गरेको जानकारी दिँदै यसलाई ठूलो उपलब्धि बताउनु भयो। यसको साथै स्थायी राजनीतिक समस्याको समाधानका लागि दार्जिलिङमा इन्टरलोक्युटर आएको र सबै पक्षसँग भेटघाट गर्दै काम भइरहेको पनि सांसद श्री विष्टले बताउनु भयो। दार्जिलिङको नगरपालिका

अध्यक्षले हिजो मन्त्री पलसँग भेट गरेको उल्लेख गर्दै अहिलेको बोर्डको कार्यकाल रहँदासम्म सरकारले सहयोग गर्ने उहाँले बताउनु भयो।

## अग्निमित्र पल आज मिरिक

क्याबिनेट मन्त्री अग्निमित्र पल आज मिरिक पुग्नु भयो। मिरिकमा उहाँलाई भाजपा लगायत गोर्खा जनमुक्ति मोर्चाका प्रतिनिधिगण एवं कार्यकर्ताहरूले भव्य स्वागत जनाएका थिए। यसक्रममा श्रीमती पलसँगै दार्जीलिङका सांसद राजु विष्टको पनि उपस्थिति रहेको थियो। यसक्रममा उहाँले मिरिक झील परिसरमा रहेको स्वेरेज ट्रीटमेन्ट प्लान्टको जायजा लिनु भयो। उहाँले पत्रकारहरूसँग कुरा गर्ने क्रममा मिरिक पनि हिमालय हिल सिटीहरूमध्ये एक हुने र यसको विकासका लागि के कस्ता कार्यहरू गर्नु पर्ने भन्ने विषयमा यहाँको भ्रमणमा आएको बताउनु भयो। उहाँले मिरिक क्षेत्रमा जमिन अतिक्रमणबारे बोल्नु हुँदै अतिक्रमण एक संवेदनशील विषय रहेको र यस्तो हुन नदिने बताउनु भयो। तथापि गरिबको पेट मार्ने कार्य भने नगर्ने पनि बताउनु भयो। यसरी नै उहाँले नगरपालिका चुनावबारे  सोधिएको प्रश्नमा भने  प्रतिकृया दिन अस्वीकार गर्नु भयो।

## आकाशवाणी

लोक प्रसारकको रूपमा आकाशवाणीको भरोसा र जनसेवा को आज गौरवशाली 90 वर्ष पूरा भईरहेको छ। वर्ष 1936 मा आज कै दिन इंडिया स्टेट ब्रडकास्टिंग सर्विसलाई अल इंडिया रेडियो नाम दिईएको थियो। यो दिवस देशको सांस्कृतिक, सूचना र प्रसारण इतिहासमा विशिष्ट अवसरको  रूपमा अंकित छ, जसले पुस्तौसम्म राष्ट्रको चेतनासित जोडिएको वाणीको अभ्युदय भयो।

**बाईट**

*स्वतन्त्रता पछि, अल इन्डिया रेडियो तीव्र गतिमा विस्तार भयो र 1956 मा यसलाई आकाशवाणीको नाम दिईयो। आज, आकाशवाणीका 591 केंद्र कार्यरत छन्, जस द्वारा 23 भाषाहरू र 146 बोलीहरूमा कार्यक्रमहरुको प्रसारण हुँदछ।आकाशवाणीको पहुंच देशको 98 प्रतिशत जनसंख्या सम्म छ।आकाशवाणीको विदेश सेवा विभागले भारतवंशिहरुलाई एकजुट गर्दै विश्वका एक सय भन्दा अधिक देशहरुमा भारतको आवाज पुराईरहेको छ। बहुजन हिताय बहुजन सुखायको आदर्शमा आकाशवाणीको समाचार सेवा प्रभाग रेडियो प्रसारणको सर्वोच्च मानकहरुको अनुपालन गर्दै चौबीसै घंटा सबै प्रमुख भाषाहरु र बोलीहरुमा समाचार र समाचार कार्यक्रमको प्रसारण गर्दछ। नमस्कार आकाशवाणी से समाचार प्रभात के साथ में लवलीन निगम। आदाब, ये आकशवाणी है, खबरों के साथ मैं सुगुफ्ता यास्मीन। गुड इवनिंग, दिस इज़ आकाशवाणी एंड आई एम वल्सा विलियम्स वीद द न्यूज़ एट 9।*

## जहांगीर खान - गिरफ्तार

पश्चिम बंगाल **पुलिस**ले **तृणमूल कांग्रेसका दबंग नेता जहांगीर खान**लाई **आज** बिहान नेपाल सीमाबाट पक्राउ गरेको छ। **जहांगीर** कथित रूपमा नेपाल सीमाबाट भाग्ने प्रयास गरिरहेको थियो। थप सोधपुछको लागि उनलाई कोलकाता ल्याइँदैछ।गत महिनाको 21 तारिख फलता विधानसभा सिटको पुनर्मतदानको सम्बन्धमा यो गिरफ्तारी भएको हो। मतदान हुनुभन्दा 48 घण्टा अगाडि, जहाँगीर खानले नाटकीय रूपमा चुनावबाट नाम  फिर्ता लिईएको थियो।र उनको नाम तृणमूल कांग्रेसको चुनाव चिन्हसँगै मतपत्रमा छापिएको थियो। मतगणना पछि, उनी चौथो स्थानमा रहेको थियो र यस सीटबाट भाजपा उम्मेदवार विजयी भएका थिए।पराजय पछि जहाँगीर खान आफ्नो घर र पार्टी कार्यालयबाट बेपत्ता थिए। कलकत्ता उच्च न्यायालयको अवकाश पीठले पाँचवटा प्राथमिकिको आधारमा उनलाई दिइएको अन्तरिम सुरक्षा बढाउन अस्वीकार गरेको केही सातापछि यो गिरफ्तारी भएको हो।जहाँगीरलाई तृणमूल कांग्रेसका नेता अभिषेक बनर्जीको नजिकको सहयोगी मानिन्छ। राज्यमा सत्ता परिवर्तन पछि, अनेकौ ग्रामीणहरूले उनी विरुद्ध बलजफ्ती जमीन हडप्ने र असुलीको आरोप लगाएका थिए।

## बंगलादेशी नागरिक पक्राउ

राज्यमा घुसपैठ रोक्नका लागि कडा सुरक्षा व्यवस्था बीच सिलिगुडी जंक्शन रेलवे स्टेशनबाट आठ बंगलादेशी नागरिकलाई पक्राउ गरिएको छ। हिजो राति गुप्त सूचनाको आधारमा रेलवे सुरक्षा बल (आरपीएफ) र जीआरपीको संयुक्त दलले यो कारबाही गरेको हो। रेलवे पुलिस अनुसार यी सबै व्यक्तिहरू राधिकापुर एक्सप्रेसबाट सिलगढी जंक्शन पुगेका थिए।प्रारम्भिक

जांच बाट पत्तो लागेको छ कि उनीहरू सबै लामो समयदेखि भारतका विभिन्न भागहरू, विशेष गरी दिल्लीमा मजदुरको रूपमा काम गर्दै आएका थिए। त्यहाँबाट फर्कने क्रममा, उनीहरू बंगलादेश जान सिलिगुडीमा  उतरिएका थिए।यद्यपि, खोजीको क्रममा उनीहरुले कुनै पनि वैध कागजात, पासपोर्ट वा भिसा प्रस्तुत गर्न सकेनन्, त्यसपछि उनीहरुलाई पक्राउ गरिएको हो।

**********